# फिलाडेल्फिया आगो सुरक्षा विभा

## घरमा आगो भएमा सुरक्षा सूचि

### सुरक्षा योजना

√ के तपाईको घरको हरेक तल्लामा "स्मोक डिटेक्टर" भन्ने धूवाँ पत्ता लगाउने मेशिन छ?
√ के तपाईले हप्ताको एक पटक "नौ भोल्ट स्मोक डिटेक्टर" को ब्यटरि जचाउनु हुन्छ र बर्षको एक पटक फेर्नु हुन्छ?
√ के तपाईले "दस भोल्ट लिथियम ब्याटरि स्मोक डिटेक्टर" को ब्याटरि हप्ताको एक पटक जचाउनु हुन्छ?
√ के तपाईले "कार्बोन मोनाक्साइड" पत्ता लगाउने मेशिन सुत्ने ठाउँबाट १५ फितको भित्रमा राखेर हप्ताको एक पटक जचाउनु हुन्छ?
√ के तपाईको परिवारको घरमा आगो लागेको खण्डमा "घरबाट निस्कने योजना" र घरबाहिर भेट्ने ठाउँ निश्चित गर्नु भएको छ?

### सुरक्षा समाल्ने योजना

√ के तपाईले सलाइ र धुम्रपानको पदार्थ फाल्नुभन्दा अगाडि सधैं राम्रो संग निबाउनु हुन्छ?
√ के तपाईले आफ्नो परिवारको सुरक्षाकोलागि घर बाहिर मात्र चुरोट पिउने नियम बनाउनु भएको छ?
√ के तपाईले छर्कने "एरोसोल क्यान" मा भएका जनाउ सुचनाहरु पढ्नु हुन्छ? एरोसोल क्यान भित्र हुने तरल पदार्थ निक्कै नै ज्वलन्शिल हुन्छ ।
√ यदी तपाईको घरमा, तपाईको कोही नातेदारले, साँस फेर्नकोलगी "अक्सिजन" प्रयोग गर्नुभएको छ भने, के तपाईले, त्येस् नातेदार अक्सिजन यन्त्र भएको कोठामा धुम्रपन सेवन् गर्ने, मनाइ गर्नु भएको छ?

### बिजुलिको खतरा

√ के तपाईको घरको हरेक कोठामा चाहिने जती, प्लग जोडदा बिजुलि दिने आउट्लेटहरु छन्?
√ के तपाईसँग एअर कन्डिशन् जस्तो धेरैनै बिजुली उपयोग गर्ने उपकरणहरुका लागि बिशेष सर्किटहरु छन्?
√ के तपाईले, घरमा प्रयोगहुने लामो तार र बिभिन्न उपकरणहरुका तारहरु खाइदै गएको छ वा छैन, घरि-घरि जाँच्नु हुन्छ?
√ के तपाईले घरमा किलाहरु र पाइपहरुलाई नढक्ने गरी लामो तार र बिभिन उपकरणका तारहरु उपयोग गर्नु हुन्छ?

### घर प्रतिपालनको खतरा

√ के तपाई घरमा छिँडि, दराज, र बुइगलबाट बल्ने पदार्थ हटाउनु हुन्छ?
√ के तपाईले रंगको बार्निशको र अरु टिनको डिब्बाको बिर्को राम्रो संग लगाउनु हुन्छ?
√ के तपाईले रङ, वार्निश र अरु जोखिम पुराउन सक्ने पदार्थहरु ठीक तरिकाले अप्न्यएर फ्याँक्नु हुन्छ?
√ के घरमा सफा गर्दा पेट्रोल र अरु बल्ने पदार्थ कहिले पनि प्रयोग गर्नुहुदैन भनेर सबैलाई जान्कारि छ?

### घर तताउने र खाना पकाउने खतरा

√ के तपाईले सुत्नुभन्दा अगाडि हिटर बन्द गर्नु हुन्छ?
√ के तपाईले हिटर बल्नलाई चाहिने इन्धन सँधै बाहिर भर्नु हुन्छ?
√ के तपाईको घरमा भएका सबै हिटरहरु, पर्दा, ओछ्यान र फर्निचरहरु बाट सुरक्षित दूरी टाढा (कमसेमक ३ फिट) रखिएको छ?
√ के तपाईले भान्सामा पकाउने ठाउँहरुमा चिल्लो सफा गर्नु हुन्छ?
√ के तपाईको भान्सा छेउको पर्दा ब्यवस्थित किसिमले, चुलोको टाढा, कहिलैपनी चुलो माथि नउडनेगरी झुन्डाइएको छ?
√ चुलो माथि खान पकिरहेको बेला के तपाई ध्यान राख्नु हुन्छ?
√ के तपाईले खान पकाउने भांडाको हातो, चुलोको छेउको साटो चुलोतिर फर्कौनु हुन्छ?

### विशेष आमाबुबाको लाग

√ के तपाई बच्चाहरु देखी सलाई र लाईटर टाढा राख्नु हुन्छ?
√ तपाई बाहिर जानु भएको बेला (छोटो समय को लागि गएको भएपनी ) के तपाईले आफ्नो छोरा छोरी कुनै जिम्मेवार मान्छेको हातमा छोड्नु हुन्छ?
√ आगो अथवा चिकित्सासम्बन्धी आपत्काल भएमा बालबालिकालाई हेरिदिने मान्छेलाई के गर्नु पर्नेछ भनेर थाहा छ?
√ के तपाईले बलिरहेको मैनबत्ती, बच्चाहरु र बल्ने पदार्थहरुबाट टाढा राख्नु हुन्छ?

**आगो अथवा चिकित्सासम्बन्धी आपत्काल भएमा ९११ फोन गर्नु होला**

**स्मोके अलार्मको लागि ३११ फोन गर्नु होला**

**आगो बिभागको वेबसाईट:** www.phila.gov/fire

**Revised 5/2012**